निर्णय नं . १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/०६/०२ प.सं. भुमि/२१२/२०८०/२०८१, च.नं. Div2-14172 को संरक्षणको लागि आवश्यक व्यबस्था मिलाउने सम्बन्धमा लेखिआएको पत्रको व्यहोरा कार्यापलिका वैठकमा जानकारी भयो ।सो सम्बन्धमा यस नगरपालिकाको बिभिन्न स्थानहरुमा अनुमती नलिई जग्गा खण्डीकरण तथा प्लटिङ गर्ने गरिएको, यसरी प्लटिङ गर्दा केही स्थानहरुमा सार्बजनिक, ऐलानी जग्गा मिचिएको भन्ने जनगुनासो आउने गरेको र उक्त कार्यले नगरको सार्बजनिक जग्गा अतिक्रमण हुने, कानून बमोजिमको सडकको मापदण्ड भन्दा फरक मापदण्डमा सडक निर्माण हुने, भु-क्षय तथा जमिनको बनावटमा समेत नकारात्मक प्रभाव पर्न जाने जस्ता समस्याहरु देखिएको हुँदा जग्गा खण्डीकरण सम्बन्धी कार्यविधि तर्जुमा गरी नियमन तथा प्रभावकारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं .२

वैठकमा पेश हुन आएको सहरी योजना तथा भवन निर्माण मापदण्ड, २०८० संशोधन सहित स्वीकृत गर्ने निर्णय गरीयो ।

निर्णय नं . ३

यस कार्यालयमा करार सेवामा र दैनिक ज्यालादारीमा कार्यरत निम्नानुसारका कर्मचारीहरुको पारिश्रमिक थप गर्ने सम्वन्धमा तपशिल वमोजिम निर्णय गरीयो ।

तपशिल

| सि.नं. | नामथर/पद | हाल खाईपाई आएको पारिश्रमिक | थप गरिएको पारिश्रमिक | सेवा अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | खानेपानी चाबी चालक श्री तीर्थ महर्जन | रु १३५००।(मासिक) | रु १७४००।(मासिक) | ५ वर्ष | |
| २ | का.स. श्री रेखा बस्नेत | रु ६६०।(दैनिक) | आ.व.०८०/०८१ का लागि काठमाडौ जिल्ला दररेटको अदक्ष कामदारले पाउने पारिश्रमिक | ३ वर्ष | |

निर्णय नं .४

कीर्तिपुर नगर क्षेत्रभित्रको फोहर व्यवस्थित रुपमा व्यवस्थापन गर्ने विषयमा छलफल गरियो ।

निर्णय नं. ५

कीर्तिपुर नगरपालिका वडा नं १० मा अवस्थित बल्खु खोला छेउको सार्वजनिक जग्गामा सुमो पार्क व्यवस्थापन गर्न देहाय वमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री नरेश महर्जन, वडा नं १० अध्यक्ष - संयोजक
२. श्री दिवाकार अधिकारी, वडा नं ७ अध्यक्ष - सदस्य
३. श्री दिनेश श्रेष्ठ, वडा नं ९ अध्यक्ष - सदस्य
४. श्री विमला कार्की, कार्यपालिका सदस्य - सदस्य
५. श्री कृष्णभोला महर्जन, बरिष्ठ ईन्जिनियर - सदस्य सचिव

